मिक्वाखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थलङ, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको उपस्थिति तथा निर्णय

बैठक मितिः २०७९/०५/२५ बैठक सङ्ख्याः ३

बैठक प्रारम्भ समयः ०२:०० बजे अपरान्ह बैठक समापन समयः ६:०० बजे अपरान्ह

| क्र.स. | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| 1. | श्री भक्त बहादुर कार्की | अध्यक्ष | | |
| 2. | श्री डण्डु लामा शेर्पा | उपाध्यक्ष | | |
| 3. | श्री ललित नारायण यादव | नि.प्रमुख प्रशासकीय अधिकृत | | |
| 4. | श्री राम कुमार लिम्बु | वडाअध्यक्ष | | |
| 5. | श्री झरेन्द्र प्रसाद थापा | वडाअध्यक्ष | | |
| 6. | श्री मचिन्द्र कुमार लिम्बु | वडाअध्यक्ष | | |
| 7. | श्री सदन कुमार लिम्बु | वडाअध्यक्ष | | |
| 8. | श्री ग्यान्जे शेर्पा | वडाअध्यक्ष | | |
| 9. | श्री फुपुलामु शेर्पा | सदस्य | | |
| 10. | श्री सरिता गहते | सदस्य | | |
| 11. | श्री लछीमाया विश्वकर्मा | सदस्य | | |
| 12. | श्री सलिना बराईली | सदस्य | | |
| 13. | श्री मदन कुमार विक | सदस्य | | |

**अन्य उपस्थितिः**

| | | | | |
|---|---|---|---|---|
| १ | श्री लक्ष्मी मगर | क.अ. | | |
| २ | श्री घनेन्द्र थापा | | | |

**प्रस्ताव नं. १. करार पदपुर्ती परीक्षा संचालन सम्बन्धमा ।**

**निर्णय नं. १.** प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाको विभिन्न शाखामा आवश्यक करार कर्मचारी पदपुर्तीको लागि विभिन्न पदहरुमा गरिएको विज्ञापनको मिति २०७९ भदौ २९ गते रोजगार सहायक, अ.हे.व. र अ.न.मी. पदहरुको तथा मिति २०७९ भदौ ३० गते एम.आई.एस. फिल्ड सहायक

पदमा परेको दरखास्त फारामहरुको छोटकरी सूची प्रकाशन गरी परीक्षा संचालन गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. २. योजना संचालन सम्बन्धमा ।**

**निर्णय नं. २.** प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०७९/८० मा विनियोजित योजनाहरु संचालनको लागि प्रत्येक वडामा तपशिल बमोजिम १/१ जना प्राविधिक खटाई सर्भे र लागत स्टिमेट तत्कालै तयार गर्ने निर्णय पारित गरियो ।

तपशिलः

| क्र.सं. | कर्मचारीको नाम | पद | वडा नं. |
|---|---|---|---|
| १ | दावा शेर्पा | अ.सव-ईन्जिनियर | १ नं. वडा |
| २ | महेश शाह | सव-ईन्जिनियर | २ नं. वडा |
| ३ | सिक्कुम लिम्बु | सव-ईन्जिनियर | ३ नं. वडा |
| ४ | चन्द्र प्रसाद साँवा | अ.सव-ईन्जिनियर | ४ नं. वडा |
| ५ | राम कुमार कार्की | सव-ईन्जिनियर | ५ नं. वडा |

**प्रस्ताव नं. ३. फुङफुङगे झरना क्षेत्र व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं. ३.** प्रस्ताव नं. ३ माथि छलफल गर्दा मिति २०७९ असोज ११ देखि १३ सम्म आयोजना हुन गईरहेको पाथीभरा म्याराथुन तथा पर्यटन महोत्सवको अवसरमा फुङफुङगे झरना क्षेत्रमा सरसफाई तथा व्यवस्थापनको लागि विविध खर्च शिर्षकबाट रु. १ लाख रकम विनियोजन गर्ने निर्णय पनि पारित गरियो ।

**प्रस्ताव नं. ४. मेयरकप भलिवल खेलमा सहभागी सम्बन्धमा ।**

**निर्णय नं. ४.** प्रस्ताव नं. ४ माथि छलफल गर्दा फुङलिङ नगरपालिकाको आयोजनामा मिति २०७९ असोज ८ गते देखी ११ गते सम्म संचालन हुने मेयरकप भलिवल खेलकुदमा यस पालिकाबाट सहभागी खेलाडीहरुलाई रु. ३ लाख खर्च रकम विविध खर्च शिर्षकबाट दिने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ५. कार्यालय सहयोगी नियुक्ती गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ५.** प्रस्ताव नं. ५ माथि छलफल गर्दा मिक्वाखोला गाउँपालिका वडा नं. ४ कार्यालय साँवामा कार्यालय सहयोगीको लागि मिक्वाखोला-०४ निवासी **गम्भिरमान लिम्बु** र कार्यपालिका कार्यालय सहयोगी मिक्वाखोला-०१ निवासी **डिल्लीराम गिरी** लाई मिति २०७९ साउन ०१ गते देखि नियुक्ति दिने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ६. खानेपानी डिपिआर गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ६.** प्रस्ताव नं. ६ माथि छलफल गर्दा मिक्वाखोला गाउँपालिका वडा नं. ५, पापुङमा खानेपानीको लागि डिपिआर गर्ने निर्णय गरियो साथै उक्त कार्यक्रमको लागि खानेपानी तथा सरसफाइको कार्यालय, पाँचथर (सम्पर्क कार्यालय ताप्लेजुङ) लाई अनुरोध गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ७. म.ले.प. रिपोर्ट कार्यपालिकामा पेश गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ७.** प्रस्ताव नं. ७ माथि छलफल गर्दा मिक्वाखोला गाउँपालिकाको कार्यालयको आ.व. २०७८/७९ को म.ले.प. रिपोर्ट कार्यपालिकामा पेश गरी छलफल गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ८. कार्यविधि, मापदण्ड, नियमावली तथा निर्देशिका पारित गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ८.** प्रस्ताव नं. ८ माथि छलफल गर्दा निम्न बमोजिमको कार्यविधि, मापदण्ड, नियमावली तथा निर्देशिका पारित गर्ने निर्णय पारित गरियो ।

निम्नः

१. अपाङ्ग तथा परिचयपत्र वितरण कार्यविधि २०७९।
२. मिक्वाखोला गाउँपालिका कार्यविभाजन नियमावली २०७९,
३. मिक्वाखोला गाउँपालिका कार्यसम्पादन नियमावली २०७९,
४. मिक्वाखोला गाउँपालिकाको आपतकालिन कार्यसंचालन विधि २०७९,
५. मिक्वाखोला गाउँपालिकाको मेलमिलाप केन्द्र कार्यसंचालन कार्यविधि २०७९,
६. भ्याकुलोडर संचालन कार्यविधि २०७९,
७. मिक्वाखोला गाउँपालिकाको कार्यसंचालन निर्देशिका २०७९,
८. मिक्वाखोला गाउँपालिकाको विषयगत समिति कार्यसंचालन कार्यविधि २०७९,
९. मिक्वाखोला गाउँपालिकामा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७९,
१०. मिक्वाखोला विपद व्यवस्थापन कोष संचालन कार्यविधि २०७९,
११. टोल विकास समिति कार्यविधि २०७९,

**प्रस्ताव नं. ०९. सडकबोर्डमा बजेट माग गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ०९.** प्रस्ताव नं. ०९ माथि छलफल गर्दा आ.व. २०७९/८० स्थानीय सडक (दुगुर्ने देखी डाँडागाउँ, मानेडाँडा देखी गैरीगाउँ चर्च सम्म, मोती मा.वि. देखी ओझागाउँ, डाँडागाउँ देखी लिवाङ, चिनावुङ देखी साँवा, साँवा देखी फुङफुङगे र फुङफुङगे देखि पापुङ सडक) मर्मत संभारको लागि सडकबोर्ड नेपालबाट विनियोजित हुने बजेट अन्तर्गत २० प्रतिशतको हकमा व्यहोर्नुपर्ने समपुरक कोष (म्याचिङ फन्ट) को व्यवस्थापन गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. १०. कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धमा ।**

**निर्णय नं. १०.** प्रस्ताव नं. १० माथि छलफल गर्दा यस गाउँपालिकाको कार्यालय अन्तर्गत निम्न कर्मचारीहरुको थप कार्य जिम्मेवारीलाई मध्यनजर गर्दै २०७९ असोज ०१ गते देखी लागु हुने गरि

प्रोत्साहन भत्ता रकम दिने निर्णय पारित गरियो । साथै यस अघि अन्य कर्मचारीहरुको दिदै प्रोत्साहन भत्ता आएको यथावत नै कायम गरी दिने निर्णय पनि पारित गरियो ।

निम्नः

| क्र.सं. | नामथर | पद | प्रोत्साहन रकम |
|---|---|---|---|
| १ | ललित नारायण यादव | स्वास्थ्य शाखा प्रमुख | १०००० |
| २ | मिङमा शेर्पा | एम.आई.एस. अपरेटर | १०००० |
| ३ | विमल कुमार यक्सो | वडा सचिव (पापुङ) | १०००० |
| ४ | गोपाल चन्द्र थलङ | वडा सचिव (साँवा) | १०००० |
| ५ | भिम बहादुर वि.क. | वडा सचिव (लिवाङ) | १०००० |
| ६ | चन्द्र प्रसाद साँवा | अ-सवईन्जिनियर | १०००० |
| ७ | सिक्कुम लिम्बु | सव-ईन्जिनियर | १०००० |

**प्रस्ताव नं. ११. निमित्त प्रमुख प्रशासकीय अधिकृत तोक्ने सम्बन्धमा ।**

**निर्णय नं. ११.** प्रस्ताव नं. ११ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र अनुसार यस मिक्वाखोला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री यूनिल राई लाई अन्य जिल्लामा सरुवा भई खटाईएकोले अर्को व्यवस्था नभएसम्मको लागि वरिष्ठतम कर्मचारी मध्येबाट **श्री ललित नारायण यादव** (सिनियर अ.हे.व. छैटौ / स्वास्थ्य शाखा प्रमुख) लाई साविक गर्दै आएको जिम्मेवारी समेत वहन गर्नेगरी निमित्त प्रमुख प्रशासकीय अधिकृत तोकी सम्बन्धीत मन्त्रालयमा आर्थिक अख्तियारी सहित जिम्मेवारीको लागि पत्रचार गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२. जिल्ला दररेट कायम गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १२.** प्रस्ताव नं. १२ माथि छलफल गर्दा आ.व. २०७९/८० को सम्पुर्ण योजना/कार्यक्रम संचालन तथा निर्माणको लागि जिल्ला दररेट कायम गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. १३. राजश्व उठाउने सम्बन्धमा।**

**निर्णय नं. १३.** प्रस्ताव नं. १३ माथि छलफल गर्दा मिक्वाखोला गाउँपालिकाको वडा नं. ४ साँवा अन्तर्गत फुङफुङगे क्षेत्रमा निर्माणाधिन मेवा जलविद्युत आयोजना (७३.५ मे.वा.) ले उत्तरतर्फ फुङफुङगे मन्दिर नजिकको झोलुङगे पुल भन्दा ५०० मि. उत्तर र दक्षिणतर्फ युनाईटेड मेवा जलविद्युत आयोजनाको सिमा सम्म वालुवा उत्खनन् तथा ढुङगा/गिटी प्रयोग गरे वापत आ.व. २०७९/८० सम्मको लागि मिक्वाखोला गाउँपालिकाको सेन्चुरी लि. बैंकमा रहेको आन्तरिक राजश्व खातामा रु. ६ लाख जम्मा गर्न लगाउने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. १४. भुमि वर्गिकरण सम्बन्धमा ।**

**निर्णय नं. १४.** प्रस्ताव नं. १४ माथि छलफल गर्दा नेपाल सरकार भुमि व्यवस्थापन सहकारी तथा गरिवि निवारण मन्त्रालय चलानी नं. १६४२, मिति २०७९/०२/३० को पत्रको वुदा नं. १ मा स्थानीय भु-उपयोग परिषदले कृषि क्षेत्र र गैह्र कृषि क्षेत्र कृषि क्षेत्र निर्धारण गर्ने निर्णय गरियो । साथै आगामी / महिना भित्रमा भु-उपयोग क्षेत्र वर्गिकरण को आधारमा मापदण्ड तथा क्षेत्रफलका आधारमा भु-उपयोग नियमावली २०७९ को अनुसुची १ मा व्यवस्था भए अनुसारको १० वटा भु-उपयोग क्षेत्र समेत निर्धारण गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. १५. वडा सचिव खटाउने सम्बन्धमा ।**

**निर्णय नं. १५.** प्रस्ताव नं. १५ माथि छलफल गर्दा मिक्वाखोला गाउँपालिका वडा नं. १ र २ मा वडा सचिव रिक्त रहेकोले गर्दा निम्न कर्मचारीहरुलाई थप जिम्मेवारी सहित वडा सचिवमा खटाउने निर्णय पारित गरियो ।

निम्नः

| क्र.सं. | कर्मचारीको नाम | पद | वडा नं. |
|---|---|---|---|
| १ | दावा शेर्पा | अ.सब-ईन्जिनियर | प्राविधिक र १ नं. वडा सचिव |
| २ | महेश शाह | सब-ईन्जिनियर | प्राविधिक र २ नं. वडा सचिव |

**प्रस्ताव नं. १६. उर्जा समिति गठन सम्बन्धमा ।**

**निर्णय नं. १६.** प्रस्ताव नं. १६ माथि छलफल गर्दा मिक्वाखोला गाउँपालिकाको उर्जा समिति निम्न अनुसार गठन गर्ने निर्णय पारित गरियो ।

निम्नः

१. संयोजकः श्री ग्यान्जे शेर्पा
२. सदस्यः श्री झरेन्द्र प्रसाद थापा
३. सदस्यः श्री सदन कुमार साँवा
४. सदस्यः श्री मदन कुमार वि.क.
५. सदस्यः श्री सलिना बराईली
६. सदस्यः श्री फुपुलामु शेर्पा
७. सदस्यः श्री लक्षीमाया वि.क.

**संरक्षकः** श्री डण्डु लामा शेर्पा

**सल्लाहकारः** श्री राम कुमार कार्की

**प्रस्ताव नं. १७. कार्यपालिका सदस्य बास तथा खाना खर्च सम्बन्धमा ।**

**निर्णय नं. १७.** प्रस्ताव नं. १७ माथि छलफल गर्दा मिक्वाखोला गाउँ कार्यपालिकाको बैठकमा उपस्थित भए वापत प्रत्येक कार्यपालिका सदस्यहरुलाई खाना तथा बास खर्च वापत प्रति बैठक वापत रु. १००० रकम उपलब्ध गराउने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. १८. प्रदेश लोकसेवा आयोगमा कर्मचारी माग गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १८.** प्रस्ताव नं. १८ माथि छलफल गर्दा मिक्वाखोला गाउँपालिकाको कार्यालयमा पशुपंछी तथा कृषि शाखा र भेटेनरी शाखामा तपशिल अनुसारको कर्मचारी माग गरी पठाउने निर्णय पारित गरियो ।

**तपशिलः**

**स्थानीय तह कृषि विकास शाखा कृषि सेवा केन्द्रको दरबन्दीः**

१. सहायक पाचौ नेपाल कृषि सेवा २ जना

**स्थानीय तह पशु शाखा दरबन्दीः**

१. सहायक पाचौ नेपाल कृषि सेवा भेटेनरी प.स्वा.प्रा. १ जना
२. सहायक पाचौ नेपाल कृषि सेवा ला.पो.डे.डे. प.से.प्रा. २ जना
३. सहायक चौथो नेपाल कृषि सेवा भेटेनरी ना.प.स्वा.प्रा. १ जना
४. सहायक चौथो नेपाल कृषि सेवा ला.पो.डे.डे. ना.प.से.प्रा. १ जना

***आजको कार्यपालिका बैठक यहि अन्त्य गरियो ।***